**संशोधित**

## इ. अ. सं. केन्द्रिकृत भर्ना अनुगमन समिति — २०७६

## सम्बन्धन प्राप्त कलेजहरुको भर्ना सञ्चालन कार्यविधि

१. सम्बन्धित कलेजहरुले सबै आवेदन तथा भर्ना सूचीहरु सहितको भर्ना सम्बन्धि पूर्ण विवरण कलेजको भर्ना Online Portal बाट उपलब्ध गराउनु पर्नेछ।

२. इ. अ. सं. को शैक्षिक बर्ष २०७६/७७ को BE/BArch भर्ना कार्यक्रमका लागि सबै कलेजले Admission Priority Application फारम Online Portal मार्फत भर्ने व्यवस्था मिलाउनु पर्नेछ। उक्त Online Portal केन्द्रिय भर्ना Portal मा link राख्नु पर्ने हुनाले सबै कलेजहरुले मिति २०७६-०५-०४ गते सम्म केन्द्रिय भर्ना अनुगमन समितिलाई जानकारी गराई केन्द्रिय भर्ना Portal मा link राख्नु पर्नेछ।

३. विद्यार्थीहरुले जुन कलेजमा अध्ययन गर्न चाहेको हो सोहि कलेजको Online Portal मार्फत प्राथमिकता सहितको छुटा-छुट्टै आवेदन दिनु पर्नेछ।

## संशोधित भर्ना कार्य तालिका

**त्रि.वि. इ.अ.सं. का सम्बन्धन प्राप्त कलेजहरुमा शैक्षिक वर्ष २०७६/०७७ को स्नातक (बी.ई./बी.आर्क) विद्यार्थीहरुको भर्ना सम्बन्धी संशोधित भर्ना कार्यक्रम र समय तालिका निम्न अनुसार हुनेछ।**

| प्रथम भर्ना कार्यक्रम र समय तालिका | |
|---|---|
| प्रथम भर्ना सूची बाट विद्यार्थी भर्ना गर्ने। | २०७६-०५-१५ गते बिहान ११:०० बजे देखि २०७६-०५-१६ गते साँझ ५:०० बजे सम्म। |
| **दोस्रो भर्ना कार्यक्रम र समय तालिका** | |
| कलेजहरुले दोस्रो भर्ना सूचीका लागि नयाँ आवेदन थप गर्ने, प्राथमिकताक्रम परिवर्तन गर्ने, BArch झुकाव परीक्षा लिन सक्ने।<br>आवेदन सूची अद्यावधिक गरी केन्द्रिय भर्नाको Email: admission@ioe.edu.np मा Email गर्ने। | २०७६-०५-१७ गते बिहान १०:०० बजे देखि २०७६-०५-२० गते साँझ ५:०० बजे सम्म। |
| दोस्रो भर्ना सूची प्रकाशन गर्ने। | २०७६-०५-२१ गते बिहान १०:०० बजे भित्र। |
| दोस्रो भर्ना सूची उपर दाबि विरोध गर्ने। | २०७६-०५-२१ गते बिहान १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म। |

| | |
|---|---|
| संशोधित दोस्रो भर्ना सूची प्रकाशित गरि केन्द्रिय भर्नाको<br>Email: admission@ioe.edu.np मा उक्त सूची Email गर्ने। | २०७६-०५-२१ गते साँझ ५:०० बजे सम्म। |
| दोस्रो भर्ना सूचीबाट विद्यार्थी भर्ना गर्ने। | २०७६-०५-२२ गते बिहान ११:०० बजे देखि २३ गते दिउँसो ३:०० बजे सम्म। |
| **तेस्रो भर्ना कार्यक्रम र समय तालिका** | |
| कलेजहरुले तेस्रो भर्ना सूचीका लागि नयाँ आवेदन थप गर्ने, प्राथमिकताक्रम परिवर्तन गर्ने, BArch झुकाव परीक्षा लिन सक्ने।<br>आवेदन सूची अद्यावधिक गरी केन्द्रिय भर्नाको<br>Email: admission@ioe.edu.np मा Email गर्ने। | २०७६-०५-२४ गते बिहान १०:०० बजे देखि २०७६-०५-२४ गते साँझ ५:०० बजे सम्म। |
| तेस्रो भर्ना सूची प्रकाशन गर्ने। | २०७६-०५-२५ गते बिहान १०:०० बजे भित्र। |
| तेस्रो भर्ना सूची उपर दाबि विरोध गर्ने। | २०७६-०५-२५ गते बिहान १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म। |
| संशोधित तेस्रो भर्ना सूची प्रकाशित गरि केन्द्रिय भर्नाको<br>Email: admission@ioe.edu.np मा उक्त सूची Email गर्ने। | २०७६-०५-२५ गते साँझ ५:०० बजे सम्म। |
| तेस्रो भर्ना सूचीबाट विद्यार्थी भर्ना गर्ने। | २०७६-०५-२६ गते बिहान ११:०० बजे देखि २७ गते दिउँसो ३:०० बजे सम्म। |
| चौथो र पछिल्ला भर्ना सूचिहरु | सम्बन्धित कलेजहरुको अन्य भर्ना सूचीका लागि कार्यतालिका प्रकाशन गरी नयाँ आवेदन लिएर माथि उल्लेख गरे अनुसारकै नियमित सबै प्रकृया पुरा गरी केन्द्रिय भर्ना पोर्टलबाटै भर्ना गर्नु पर्ने। |

**द्रष्टव्यः**

- सम्पूर्ण विद्यार्थीहरुको भर्ना केन्द्रिय भर्ना पोर्टलबाटै गर्नु पर्नेछ।यदि कुनै कलेजले केन्द्रिय भर्ना पोर्टलमा विद्यार्थीको भर्ना गर्न छुटाएमा, त्यस्ता विद्यार्थीहरुको भर्ना भएको मानिने छैन र त्यसबाट उत्पन्न हुने समस्याको सम्पूर्ण जिम्मेवारी सम्बन्धित कलेजहरुले नै लिनुपर्ने छ।
- माथि उल्लेखित तालिका अनुसार भर्ना प्रकृया सार्वजनिक बिदाका दिनहरुमा पनि सञ्चालन गर्नु पर्नेछ।

- भर्ना रद्द शुल्क स्नातक (बी.ई./बी.आर्क.) तहको प्रवेश-परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धी जानकारी तथा निर्देशिका २०७६ मा उल्लेख गरे अनुसार हुनेछ।

४. सबै कलेजहरुले प्रथम, दोस्रो र तेस्रो सूची लगायत पछिल्ला भर्ना सूचीहरु Entrance Rank को योग्यताक्रम (Merit Basis) अनुसार नै प्रकाशित गरी इ. अ. सं. ले उपलब्ध गराएको केन्द्रिय भर्ना Portal बाटै भर्ना गर्नु पर्नेछ।

५. कुनै पनि विद्यार्थीले कुनै कलेजको एक कार्यक्रममा भर्ना भैसकेपछि सम्बन्धित कलेजबाट भर्ना भएको विवरण (केन्द्रिय भर्ना Portal को Confirmation Page) लिनु पर्नेछ र केन्द्रिय भर्ना Portal (admission.ioe.edu.np) बाट एकिन (Verify) गर्नु पर्नेछ। केन्द्रिय भर्ना Portal मा आफ्नो भर्ना विवरण एकिन नभएको खण्डमा उक्त विद्यार्थी भर्ना भएको मानिने छैन।

६. कुनै विद्यार्थीले एउटा क्याम्पस/कलेजमा भर्ना भैसकेपछि अर्को क्याम्पस/कलेजमा नाम निस्केको खण्डमा उक्त क्याम्पस/कलेजमा भर्ना हुन पहिले भर्ना भएको क्याम्पस/कलेजमा भर्ना रद्द गरेपछि मात्र अर्को क्याम्पस/कलेजमा जान सकिनेछ। कलेजहरुमा भर्ना रद्द गर्ने सम्वन्धी ब्यबस्था ई. अ. स. को BE/BArch तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धि जानकारी पुस्तिका-२०७६ मा उल्लेख भए बमोजिम हुनेछ।

७. एउटै कलेज भित्र कार्यक्रम परिवर्तन गर्ने कार्य योग्यताक्रमको आधारमा कलेज भर्ना समितिले गर्न सक्नेछ।

८. सबै कलेजहरुले आफ्ना विद्यार्थीहरुको भर्ना रद्द र कार्यक्रम परिवर्तन गर्ने कार्य केन्द्रिय भर्नाको Login Portal बाटै गर्नु पर्नेछ।

९. आवेदन सूची, भर्ना सूची लगायत भर्ना सम्बन्धमा कुनै गुनासो भएमा आवेदकहरुले सम्वन्धित कलेजमा गुनासो राख्नेछन्। उक्त गुनासोको सम्वन्धित कलेजबाट मनासिव सुनुवाइ नभएको ठानेमा आवेदकहरुले भर्ना अवधी भित्र इ. अ. सं. केन्द्रिय भर्ना अनुगमन समितिमा निवेदन दिन सक्नेछन्; उक्त गुनासो भर्ना अनुगमन समितिको ईमेलः admission@ioe.edu.np मा पनि प्रमाण सहित पठाउन सकिनेछ।

१०. २०७६ कार्तिक २७ गते साँझ ५:०० बजे सम्म भर्ना भइसकेका विद्यार्थीहरुको Unique IOE Roll Number २०७६ कार्तिक २८ गते उपलब्ध गराइनेछ। तत्पश्चात् रिक्त रहेका

स्थानहरुमा भर्ना लिन सकिनेछ तर भर्ना भइ Unique IOE Roll Number प्राप्त गरिसकेका विद्यार्थीहरुले उक्त कलेजमा कार्यक्रम परिवर्तन गर्न पाइने छैन।

११. कक्षा सञ्चालन भएपछि कारणवश रिक्त रहेका स्थानहरुमा सम्बन्धित कलेजहरुले भर्ना कार्यक्रम प्रकाशित गरी मिति २०७६-०८-१७ गते भित्र नयाँ भर्ना गर्न सक्नेछन्। यसरी भर्ना भएका विद्यार्थीहरुको Unique IOE Roll Number २०७६ मंसीर १८ गते उपलब्ध गराइनेछ। २०७६ मंसिर १८ गते देखि सबै कलेजहरुले आफ्ना कार्यक्रमहरुमा भर्ना भएका विद्यार्थीहरुको रोल नम्बर (Unique IOE Roll Number) केन्द्रिय भर्ना Portal बाट Download गरी लिन सकिने छ।

१२. केन्द्रिकृत भर्ना अनुगमन समितिले मिति २०७६ मंसिर २० गते सबै कलेजहरुमा भर्ना भएका विद्यार्थीहरुको विवरण (Unique IOE Roll Number सहित) इ. अ. सं. डीन कार्यालयलाई बुझाइने छ र उक्त विवरणनै त्यस बर्षको अन्तिम भर्ना विवरण हुनेछ।

१३. सबै सम्बन्धन प्राप्त कलेजहरुले आफ्ना भर्ना भएका विद्यार्थीहरुको Certificate Verification को विवरण मिति २०७६ मंसिर ३० गते भित्र इ. अ. सं. डीन कार्यालयमा बुझाइ सक्नु पर्नेछ र उक्त विवरण नै त्यस वर्षको अन्तिम भर्ना विवरण हुनेछ।